# एलायन्स फर सोसल डायलग
## अवधारणापत्रको लागि निर्देशिका २०१६

नेपालमा स्वतन्त्र र लोकतान्त्रिक समाज प्रवर्धन तर्फ सक्रिय संघ संस्थाहरुलाई सहयोग गर्न ओपन सोसाइटी फाउन्डेसन (ओ.एस.एफ.) इच्छुक छ । यस सम्बन्धमा, ओ.एस.एफ. का नेपालमा संचालित कार्यक्रमहरुको व्यस्थापनमा एलायन्स फर सोसल डायलग (ए.एस.डि.) ले सहयोग पु-याउँदै आएको छ । एएसडि.ले विभिन्न परामर्श, कार्यशाला, स्थलगत अनुगमन आदिद्वारा विभिन्न संघसंस्थाहरुलाई लोकतान्त्रिक प्रक्रियाको वकालत गर्न र नागरीक समाजको नेतृत्वकर्ताको भुमिकामा वृद्धि गर्न पहल गर्दैआएको छ ।

ए.एस.डि. ले तल निर्धारण गरेका विषयहरुलाई सम्बोधन गर्दै अवधारणा पत्र प्रस्तुत गर्न संघ संस्थाहरुलाई आव्हान गर्दछ । अवधारणा पत्र तयार गर्दा, संस्थाहरुले तल उल्लेखित चार विषयगत क्षेत्रहरु (*न्यायमा पहुँच, प्रजातान्त्रिक अभ्यास , शिक्षा, र स्वतन्त्र संचार* ) मध्ये कुनै **एउटा**मा सिमित रहि त्यस विषय अन्तर्गतका एक वा एकभन्दा बढि मुद्धालाई सम्बोधन गर्न सक्नेछन् ।

**विषयगत क्षेत्रहरु**

१. **न्यायमा पहुँच :**

- कानुनी सशक्तीकरण (कानुन नीतिगत सुधार, सामुदायिक सशक्तिकरण, सेवा प्रदान) – महिला दलित तथा अपाङ्गता भएका व्यक्ति
- संक्रमणकालीन न्याय
- न्याय र अधिकारका समकालीन चुनौतिहरु
- महिला विरुद्ध हिंसा

२. **प्रजातान्त्रिक अभ्यास :**

- प्रतिनिधिमूलक सार्वजनिक निकायहरु
- प्रभावकारी सेवा प्रधान


३. **शिक्षा :**

- सरोकारवालाहरुको जवाफदेहिता
- सार्वजनिक शिक्षाको गुणस्तरीयता

४. **स्वतन्त्र संचार :**

- विषयवस्तु र पूर्वाधारमा विविधता
- संचार क्षेत्रमा व्यवसायिकता
- संचार क्षेत्रको स्थायित्व
- अनुसन्धानमूलक पत्रकारिता

# प्रक्रियाः अवधारणापत्र आह्वान देखि प्रस्तावना छनोट सम्म



## आवेदक संस्थाले ध्यान दिनु पर्ने मुख्य बुँदाहरु

**कस्ता कस्ता संस्थाले आवेदन पत्र भर्न पाउँछन् ?**

नेपालमा कार्यरत गैर सरकारी संस्था, सामुदायिक संस्था, विश्वविद्यालय / शैक्षिक संस्था, नागरीक समाज, अनौपचारीक सञ्जाल तथा नाफामुलक तथा गैर नाफामुलक कम्पनीहरुले अवधारणा पत्र प्रस्तुत गर्न सक्छन ।

नेपालमा कार्यरत अन्तराष्ट्रिय गैर सरकारी संस्था, राजनितिक दल, दुई पक्षीय र बहु पक्षीय संस्थाहरु तथा नेपाल बाहिर दर्ता भएका तर नेपालमा कार्यरत संस्थाहरु आवेदन भर्न योग्य हुने छैनन ।

**के नयाँसंस्थाले पनि अवधारण पत्र प्रस्तुत गर्न पाउँछन् ?**

हालसालै गठन भएका तथा दर्ता भएका नयां संस्थाहरुले समेत आवेदन भर्न पाउँछन् ।

**के औपचारीक रुपमा दर्ता नभएका संस्थाहरुले अवधारणा पत्र प्रस्तुत गर्न पाउँछन ?**

औपचारीक रुपमा दर्ता नभएका संस्थाहरु पनि आवेदन फारम भर्न योग्य छन, यद्यपि यस्ता संस्थाहरुको अवधारणा पत्रले आर्थिक तथा प्रशासनिक पक्ष समेत समावेश गरी व्यवस्थापकीय प्रारुपको सम्बन्धमा स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

**के अवधारणा पत्र निश्चित स्वरुपमा बनाउन वा सृजना गर्न आवश्यक छ ?**

ए.एस.डि.ले बेव साइट वा अफिसबाट उपलब्ध गराएको ढाँचामा अवधारणा पत्र निर्माण गर्न अनिवार्य रुपमा आवश्यक छ । ए.एस.डि.ले निर्द्धिस्ट गरेको ढाँचामा नभएको अवधारणा पत्र मुल्यांकन प्रकृयामा समावेश गरीने छैन ।

**एउटा संस्थाले कतिवटा अवधारणा पत्र प्रस्तुत गर्न सक्ने छ ?**

एउटा आवेदक संस्थाले उल्लेखित चारमध्ये कुनै एक विषयगत क्षेत्र अन्तर्गत रहेर एउटा मात्र अवधारणा पत्र प्रस्तुत गर्न सकिन्छ। यदि कुनै संस्थाले एक भन्दा बढि अवधारणा पत्र प्रस्तुत गरेमा वा अवधारणा पत्र एक भन्दा वढि विषयगत क्षेत्रमा रहेमा आवेदन स्वत: रुपमा मुल्यांकन पकृयामा समावेश गरिने छैन ।

**के संस्थाहरुले संयुक्त रुपमा एक अवधारणा पत्र प्रस्तुत गर्न सक्नेछन ?**

संस्थाहरुले संयुक्त रुपमा अवधारणा पत्र प्रस्तुत गर्न पाउँदैनन् । अवधारणा पत्र, कार्यक्रमको नेतृत्व तथा व्यवस्थापन गर्ने संस्थाले मात्र प्रस्तुत गर्न पाउने छ ।

**अवधारणापत्रमा कुन भाषाको प्रयोग गर्न सकिन्छ ?**

अवधारणापत्र अंग्रेजीमा वा नेपालीमा लेखिएको हुनुपर्नेछ ।

**अवधारणापत्रको आव्हान गर्दा कुन जिल्ला र क्षेत्रलाई लक्षित गरिएको छ ? के हामीले नेपालको जुनसुकै क्षेत्रमा कार्यक्रम गर्न सक्छौं ? वा कार्यक्रम संचलनको लागि कुनै निश्चित भौगोलिक क्षेत्र छुटयाएको छ ?**

यस कार्यक्रमको लागि प्राथमिकता प्राप्त निश्चित भौगोलिक क्षेत्र छैन । देशका जुनसुकै क्षेत्रका संस्थाहरुले तोकिएको विषयवस्तुमा रहि तिनिहरुको क्षेत्रमा कार्यक्रमको लागि प्रस्ताव गर्न सक्छन ।

**के हामीले एक जिल्ला भन्दा बढिमा कार्यक्रम गर्न सक्छौं ?**

आवेदक संस्थाहरुले प्रस्तावित कार्यक्रमको प्रकृतिको आधारमा तिनीहरुले छनोट गरेका जिल्लाहरुमा कार्यक्रमको प्रस्ताव गर्न सक्छन् । अवधारणा पत्रलाई एक भन्दा वढि जिल्लामा संचालन गर्ने गरी प्रस्तुत गर्न सकिन्छ, तर कार्यक्रमको लक्षित जनसंख्या, सम्बोधन गर्ने विषयहरु र प्रस्तावित जिल्लाहरुको संख्यामा भर पर्छ । यद्यपि, प्रस्तावित अवधारणा पत्रको मुल्यांकनले संस्थाको क्षमता र अनुभवको विश्लेषण गर्ने छ ।

प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्रमा नै दर्ता भएका संस्थालाई प्रोत्साहित गरिनेछ ।

**कार्यक्रमको प्रस्तावित अवधि कति रहेको छ ?**

कार्यक्रमको अवधि घटिमा एक वर्ष देखि बढिमा दुई वर्ष हुनुपर्नेछ । समय वृद्धिको सम्भावना संस्थाको कार्य सम्पादन तथा विषयवस्तुको आवश्यकतामा निर्धारित रहने छ ।

कार्यक्रमको सुरुवात २०१६ को मध्य वा सुरुवाती २०१७ बाट हुनु पर्ने छ ।

**कार्यक्रमहरुको लागि बजेटको सिमितता छ ? यदि छ भने कति छ ?**

आवेदक संस्थाहरुले अवधारणा पत्रमा प्रस्तावित कार्यक्रमको आधारमा उच्चतम बजेट प्रस्तुत गर्न आवश्यक छ ।

**बजेट सिमितता**
साना कार्यक्रम : बढिमा २५००० डलर प्रतिवर्ष
मध्यम कार्यक्रम : बढिमा ५०००० डलर प्रतिवर्ष

**अवधारणा पत्र कसरी बुझाउने ?**

आवेदक संस्थाले ए.एस.डि. लाई तल उल्लेखित माध्यमद्धारा उपलब्ध गराईएको स्वरुपमा पूर्ण अवधारणा पत्र बुझाउन सक्छन :

१. www.asd.org.np मा उपलब्ध अनलाइन फारमद्वारा अवधारणा पत्र बुझाउने ।
२. asdnote@asd.org.np मा ईमेल गर्ने : *अवधारणा पत्र : विषयगत क्षेत्रको नाम* ।
३. विषयगत विवरण सहित निम्न ठेगानामा मेल गर्ने : अवधारणापत्र : विषयगत।

एलायन्स फर सोसल डायलग सचिवालय
सोसल साइन्स वहा
पो.ब.नं. २५३३४
काठमाण्डौ ।

सबै आवेदक संस्थाहरुलाई अवधारणा पत्रको फारम भर्न अगावै 'अवधारणापत्रको मार्गदर्शन' हेर्न सुझाव गरिन्छ । यदि आवेदक संस्थालाई फारम डाउनलोड गर्न बेवसाइट र अनलाइन स्वरुपको पहुंचमा समस्या भएमा वा मार्गदर्शन अनुसार केहि प्रश्न अस्पष्ट भएमा asdnote@asd.org.np वा सचिवालय सम्पर्क फोन ४४७२८०७ वा ४४८००९१ मा सम्पर्क गर्न अनुरोध छ ।

**अवधारणापत्र बुझाउने अन्तिम मिति कहिले हो ?**

अवधारणापत्र ६ मार्च २०१६ वा २३ फागुन २०७२ भित्र सचिवालयमा आईपुग्नुपर्नेछ । अपूर्ण अवधारणापत्र र अन्तिम मिति भन्दा पछि प्राप्त अवधारणापत्र मुल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

**नोट :**

अवधारणाहरु छनोट गर्ने कममा एलायन्स फर सोसल डायलग (ए.एस.डि.) ले ओपन सोसाइटी फाउन्डेसन (ओ.एस.एफ.)का नीति नियम र प्रकियालाई कडाईका साथ लागु गर्नेछ । अवधारणापत्रको छनोट र मुल्यांकनको क्रममा निर्णयमा प्रभाव पार्ने कुनै पनि किसिमका प्रयास भएमा मुल्यांकनमा नकारात्मक प्रतिफल हुनेछ ।

ए.एस.डि.ले छलफल चरणमा छनोट भएका संस्थाबाट पूर्ण प्रस्ताव आव्हान गर्नुका साथै अवधारणापत्रको मुल्यांकन गर्ने छ । छनोट प्रकृयाक्रममा ए.एस.डि.ले निर्णय गर्न अघि अवधारणापत्रमा गरिएका दावालाई वैधानिकता प्रदान गर्न सम्बन्धित कागजपत्र अनुरोध गर्न सक्नेछ ।

## अवधारणापत्र भर्दा ध्यान दिनुपर्ने बुँदाहरु

*यस खण्डमा आवेदक संस्थालाई फारममा सोधिएका प्रश्नमा स्पष्टता दिन र निर्देशन गर्ने लक्ष्यसहित अवधारणा पत्रका सम्बन्धमा सामान्य जानकारी उपलब्ध गराइएको छ ।*

### क. संस्थागत सुचना :

**संस्थागत पृष्ठभुमि** : यस परिच्छेदको सुरुवातमै आधारभुत प्रशासनिक जानकारी अनुरोध गरिएको हुँदा, आवेदक संस्थाले संस्थाको पृष्ठभुमिका साथै संस्था स्थापनाको उद्देश्य, उत्प्रेरक तत्व, स्थापनाकालको नेतृत्वको बारेमा छोटकरीमा उल्लेख गर्नुहोला । साथै संस्थाले, संस्थाको उद्देश्यहरु तथा उद्देश्यको प्राथमिकताको बारेमा उल्लेख गर्नुहोला ।

**प्रमुख कार्यक्षेत्र :** प्रमुख कार्यक्षेत्र भन्नाले संस्थाले मुख्य रुपमा गर्दै आएको र संस्थाको परिचय स्थापित गराउने क्षेत्र बुझ्नुपर्दछ ।जस्तै अधिकार, जवाफदेहिता, महिला, वंचितिकरणमा परेका समुदाय, सुशासन, युवा आदि ।

**संस्थाको सबल पक्ष :** संस्थाको सबल पक्ष भन्नाले संस्थाले हालसम्म गर्दै आएका कामहरु मध्ये सबैभन्दा प्रभावकारी र उपयोगी रहेका पक्षहरु बुझ्नुपर्दछ । जस्तै पैरवी वा वकालत, सशक्तिकरण, जनपरिचालन, क्षमता अभिवृद्धि, विवाद समाधान, सेवा प्रदान अदि जस्ता सबल पक्षलाई सुचिकृत गर्न आवश्यक छ । नयां संस्थाको हकमा तिनिहरुले विश्वास गरेका कुनै सबल पक्ष बुंदागत गर्दा उपयुक्त हुनेछ ।

**नेतृत्व र व्यवस्थापन :** कार्यकारी समिति सहितको दर्तावाल संस्थाको हकमा, आवेदक संस्थाले समितिको अध्यक्षको नाम उल्लेख गर्नु पर्छ ।

अनौपचारिक संञ्जाल वा समुहको हकमा आवेदकले अनौपचारिक संस्थाको औपचारीक प्रतिनिधिका रुपमा छनोट भएको नाम उल्लेखित गर्नपर्छ ।

त्यसैगरी संस्था संचालनका लागि नियमित कर्मचारी भएका संस्थाहरुमा, सम्पूर्ण कर्मचारीहरुको संख्या र संस्थाको दैनिक कार्यक्रम व्यवस्थापन गर्न नियुक्त प्रमुख व्यक्ति (जस्तै कार्यकारी निर्देशकको) नाम उपलब्ध गराउनु पर्नेछ ।

नियमित कर्मचारी नभएका अनौपचारिक संस्थाहरुको सम्बन्धमा, संस्थाहरुले आफना नियमित कार्यक्रमको संचालनका आधार र संस्थाको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी वहन गरेको व्यक्तिको नाम उल्लेख गर्नु पर्नेछ ।

**संस्थाको वार्षिक खर्च:** आवेदक संस्थाले विगत दुई आर्थिक वर्ष ७०/७१ र ७१/७२ को संस्थागत वार्षिक खर्च उपलब्ध गराउनु पर्नेछ । उक्त नेपाली मुद्रामा उल्लेखित रकम लेखा परिक्षण प्रतिवेदन अनुरुप हुनुपर्नेछ ।

नयाँ संस्थाको हकमा यी विवरण भएमा मात्र उपलब्ध गराउनु पर्नेछ ।

**अन्य सहयोगी तथा अनुदानकर्ता** : आवेदक संस्थाले संस्थासंग विगत ३ वर्षभित्र आबद्ध राष्ट्रिय वा अन्तराष्ट्रिय दातृनिकाय, सरकारी संस्थाहरु र सहयोगी संस्थाहरुको नाम उल्लेख गर्नु पर्ने छ । नाम उल्लेख गर्दा ती संस्थाहरु, अनुदानकर्ता वा सहकार्य गरिएका सहयोगी के हुन भनि खुलाउन पर्नेछ ।

## ख अवधारण पत्र :

**विषयगत क्षेत्र :** आवेदक संस्थाले अवधारणा पत्र प्रस्तुत गर्ने ४ विषयगत क्षेत्र, ***न्यायमा पहुँच* , *प्रजातान्त्रिक अभ्यास, शिक्षा*** र ***स्वतन्त्र संचार*** मध्ये कुनै एक छनोट गर्नु पर्नेछ ।

**अवधारणा पत्रको शिर्षक :** अवधारणा पत्रको शिर्षक संक्षिप्त तर अवधारणाको सार प्रष्ट पार्ने हुनुपर्नेछ ।

**कार्यक्रमको प्रस्तावित समय :** आवेदक संस्थाले कार्यकमको प्रकृति अनुरुप प्रस्तावनाको अवधि घटिमा १ वर्ष र वढिमा २ वर्ष सम्म प्रस्ताव गर्न सक्नेछन् ।

**कार्यक्रमको प्रस्तावित स्थान** : कार्यक्रम कार्यान्वयन गर्ने सम्भावित जिल्लाको नाम उल्लेख गर्नु पर्नेछ ।

**प्रस्तावित बजेट :** कार्यक्रमको बजेट नेपाली मुद्रामा उल्लेख गर्नुपर्नेछ ।

१. **योजनाको पृष्ठभुमि :** योजनाले सम्बोधन गर्न लक्ष्य लिएको विषयको सन्दर्भयुक्त मुल्यांकन गर्न, ती विषयहरुलाई विषयगत क्षेत्र भित्र रहि विश्लेषण गर्न र उपयुक्त उदाहरण सहित योजनामा रहेका विद्यमान कमीकमजोरीलाई औंल्याउनु पर्नेछ ।

२. **अन्य सरोकारवाला बाट भएका प्रयासहरुः** यस अन्तर्गत माथि उल्लेखित भए बमोजिम विषयमा कार्यरत अन्य सरोकारवालाहरुद्धारा गरिएको प्रयासहरुको उल्लेख गर्नुपर्नेछ । यसका साथै सरकारी र गैर सरकारी क्षेत्रबाट यस विषयमा गरिएका प्रयासहरुलाई पनि समावेश गर्न सकिनेछ । यदि यस विषयमा कम प्रयास भएमा वा नभएमा, त्यसो हुनुको कारण उल्लेख गर्नुपर्ने छ ।

३. **संवोधन गर्न खोजेका मूल समस्याहरु** : योजनाले औंल्याएका तथा सम्बोधन गर्न खोजेका निश्चित समस्याहरुलाई निर्धारण गर्नु पर्नेछ । यसो गर्दा, सम्बोधन गर्न लागिएका समस्याहरु छनोट गर्नुको औचित्य स्पष्ट रुपमा व्याख्या गर्नुपर्नेछ ।

४. **अनुभव तथा दक्षता :** प्रस्तावित योजनाका सन्दर्भमा विगतमा देखिएको संस्था तथा संस्थासंग आवद्ध व्यक्तिहरुको अनुभव र दक्षता उल्लेख गर्नुपर्नेछ । कार्यान्वयन क्षेत्रसहितको निश्चित उदाहरण प्रस्तुत गर्नुपर्नेछ ।
नयां संस्थाको सम्बन्धमा, प्रस्तावित कार्यको लागि सदस्यको दक्षता उल्लेख गर्नुपर्नेछ ।

५. **योजनाको उद्देश्य :** प्रस्तावित योजना अवधिमा योजनाले हासिल गर्न खोजेका वढिमा ३ उद्देश्यहरु सुचीकृत गर्नुपर्नेछ । उद्देश्यलाई क्रमवद्ध गर्दा, ती उद्देश्यहरु वास्तविक र प्रस्तावित अवधिमा हासिल गर्नसकिने हुनुपर्नेछ ।

६. **प्रस्तावित कार्यक्रम :** माथि उल्लेखित उद्देश्य हासिल गर्नको लागि कार्यनमुना र प्रमुख कार्यक्रम सहितको कार्यक्रमको योजना स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथ साथै प्रस्तावित योजनाले उद्देश्यहरुमा कसरी योगदान पु-याउनेछन् भनेर खुलस्त पार्नुपर्नेछ ।

७. **आशातित प्रतिफल** : प्रस्तावित योजनाको नतिजाको रुपमा हासिल गर्न सकिने आशातित प्रतिफलहरु निश्चित गर्नुपर्नेछ । सम्भव भएसम्म, प्रस्तावित योजना अवधिभित्र वास्तविक रुपमा हासिल तथा नाप्न सकिने प्रतिफल उल्लेख गर्नुपर्नेछ ।

## ग. अवधारण पत्र :

**बजेट :** अवधारणापत्र प्रस्तुतिको तहमा प्रस्तावित बजेट विस्तारमा उल्लेख गरिएको पर्नेछैन, यद्यपि योजना कार्यान्वयनको लागि सामेल गर्नुपर्ने रकमको आधारमा बजेटलाई योजना सहित तयार गर्नु पर्दछ । प्रस्तावित बजेट कार्यक्रममा–आधारित बजेटको स्वरुपमा तयार गर्नु पर्छ । जसमा प्रशासन र कार्यक्रम सम्बन्धि बजेट स्पष्ट रुपमा खुलाइएको हुनुपर्नेछ । बजेटको रकम नेपाली मुद्रामा उल्लेख हुनु पर्नेछ ।